# लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यान्वयन कार्यविधि, २०७५

## पृष्ठभूमि

नेपाल सरकारले सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच विस्तार गर्ने नीति अनुरुपसार्वजनिक विद्यालयहरुमा प्राविधिक धारको शिक्षा विषय सञ्चालन गरिरहेकोर थप विस्तारको आवश्यकता रहेको सन्दर्भमा सञ्चालनमा रहेको प्राविधिक धारका विद्यालय तथाथप विस्तार हुने शिक्षालयमा आवश्यक सीपयुक्त जनशक्तिको अभाव रहने हुँदा हाल सञ्चालनमा रहेका, भविष्यमा स्थापना हुने प्राविधिक धारका सामुदायिक विद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तरगतका आङ्गिक शिक्षालय समेत आवश्यक पर्ने प्राविधिक जनशक्ति आपूर्ती गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्न उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरुसंगप्राविधिक कार्यक्रमहरुमाकोटा थप, नयां कार्यक्रम तथा विषय विस्तारका लागि लागत साझेदारीमाउच्च शिक्षामा प्राविधिक शिक्षा विस्तार कार्यक्रमलाई व्यवस्थितरुपमा संचालन गर्न विश्वविद्यालय अनुदान अयोग ऐन २०५० को दफा (६) ले दिएको अधिकार प्रयोग गरीयो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम **लागत साझेदारीमा दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास कार्यान्वयन कार्यविधि, २०७५** रहेको छ ।

ख) यो कार्यविधि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत भएको मिति देखि लागू हुने छ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "प्राविधिक विषय" भन्नाले इन्जिनियरिङ, कृषि तथा वन, पशुविज्ञान र विज्ञान तथा प्रविधि कार्यक्रमको स्नातक र स्नातकोत्तर तहमा अध्यापन हुने विषयहरु सम्झनु पर्छ ।

ख) "लागत साझेदारी" भन्नाले कार्यक्रम संचालन हुने शैक्षिक संस्थाको विद्यमान जनशक्ति तथा भौतिक पूर्वाधारको उपयोग गरी नेपाल सरकारवाट प्रति विद्यार्थी लागत पूरण खर्च (Cost Recovery) र न्युनतम पूंजीगत अनुदान प्रदान गरी संचालन गरिने कार्यक्रम सम्झनु पर्छ ।

ग) "छात्रवृत्ति" भन्नाले यो कार्यविधि अनुसार छनोट हुने विद्यार्थीका लागि उपलब्ध गराइने शिक्षण शुल्क र निर्वाह खर्च सम्झनु पर्छ ।

घ) "उच्च शिक्षा" भन्नाले नेपालका विश्वविद्यालयवाट सम्बन्धन लिई सञ्चालित स्नातक र स्नातकोत्तर तहको प्राविधि शिक्षाको अध्ययनलाई सम्झनु पर्छ ।

ङ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ ।

च) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोगलाई सम्झनु पर्छ ।

छ) "कोटा थप" भन्नाले विश्वविद्यालयले संचालन गरिरहेका विद्यमान प्राविधिक विषयका कार्यक्रममा साविकको कोटामा थप गरिएका नयाँ संख्यालाई सम्झनु पर्छ ।

ज) "विषय विस्तार" भन्नाले क्याम्पसमा संचालन भैरहेका कार्यक्रमहरु बाहेक थप गरिएका विषयलाई सम्झनु पर्छ ।

झ) "नयाँ कार्यक्रम" भन्नालेविश्वविद्यालयमा पहिलो पटक संचालन हुने प्राविधिक कार्यक्रमलाई सम्झनु पर्छ ।

ञ) "विद्यार्थी" भन्नाले यस कार्यविधि अनुसार छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई सम्झनु पर्छ ।

ट) "निवेदक" भन्नाले छात्रवृत्ति प्राप्त गर्नका लागि आवेदन दिने विद्यार्थीलाई सम्झनु पर्छ ।

ठ) "समिति" भन्नाले यस कार्यविधिको दफा (६) अनुसार गठन हुने समितिलाई सम्झनु पर्छ ।

ड) "क्याम्पस" भन्नाले प्राविधिक विषयमा स्नातक र स्नातकोत्तर तह अध्यापन गराउने नेपालका विश्वविद्यालय अन्तरगतका आंगिक क्याम्पस सम्झनु पर्छ ।

**३. उद्देश्य** : यो कार्यविधि जारी गर्नुको उद्देश्य देहाय बमोजिम रहेका छन् :

क) प्रविधिक धारका विद्यालय तथा शिक्षालयमा आवस्यक पर्ने विषयगत शिक्षण जनशक्तिको आंकलन गरी दक्ष प्राविधिक शिक्षण जनशक्ति विकास गर्न विश्वविद्यालयलाई उपलब्ध गराइने शैक्षिक अनुदानको (संचालन तथा पूंजीगत) आधार तयार गर्नु,

ख) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनोट, सेवा तथा शर्त सम्वन्धी मापदण्ड तयार गर्नु,

ग) कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुको कार्यलाई सहजिकरण गर्नु,

घ)प्राविधिक जनशक्ति उत्पादनका लागि पहिचान भएका क्षेत्रमानयाँ कार्यक्रम, विषय तथा कोटा थपघट गर्नु,

ङ) यस कार्यक्रमबाट लाभान्वित विद्यार्थीहरुलाई पालिकास्तरमा सामुदायिक विद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद अन्तरगतका आङ्गिग शिक्षालयमा आवश्यक प्रशिक्षक आपूर्ति गर्नु ।

परिच्छेद - दुइ

छात्रवृत्ति छनोट विधि र अनुदान

४. छात्रवृत्तिमा छनोट सम्बन्धी व्यवस्था

१. विद्यार्थीछनोट/भर्नाका आधारहरु देहाय बमोजिम हुने छन्:

क) नेपाली नागरिक,

ख) अध्ययन गर्न चाहेको विषय, तह र विश्वविद्यालय/क्याम्पसमा भर्नाका लागि आवश्यक न्यूनतम मापदण्डहरु पूरा गरेको,

ग) अध्ययन पश्चात नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले खटाएको जुनसुकै स्थानमा गई न्यूनतम ३ वर्ष सेवा गर्ने प्रतिवद्धतापत्र र स्थानीय तहको निजलाई आफ्नो पालिका अन्तरगत प्राविधिक शिक्षा सञ्चालित विद्यालयमा कार्य अवसरको सिफारिस सहितकोप्रतिवद्ध भएको,

घ) अन्य निकायबाट दोहोरो पर्नेगरी सुविधा प्राप्त नगरेको,

ङ) छनोट भएका विद्यार्थीहरुले अनुसूची -१ को ढाँचा अनुरुपको कबुलियत गरेको,

२. क्याम्पस/स्कूल/केन्द्रीय विभागले पालना गर्नुपर्ने शर्तहरु देहाय बमोजिम हुने छ

क) विद्यार्थी छनोटका लागि आवेदन माग गर्ने सूचना प्रकाशित गर्नुपर्ने,

ख) योग्यताक्रम अनुसार सरकारको नीति अनुरुप समावेशिताका आधारमा सम्वन्धित शैक्षिक संस्थाले विद्यार्थी छनोट गर्नुपर्ने,

घ) विद्यार्थी छनोट गर्दा क्याम्पसले छात्रवृत्ति माग फाराम, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले गर्ने कबुलियतनामा, छात्रवृत्ति स्वीकृत फारम जस्ता ढाँचा तयार गरी मन्त्रालयसँगको समन्वय समेतका आधारमा गरी स्वीकृत गर्ने र यस्तो सुविधा प्राप्त विद्यार्थीको विवरण व्यवस्थापन गर्नुपर्ने,

ङ) तोकिएको निर्वाह खर्चविद्यार्थीको प्रगति प्रतिवेदनका आधारमा वितरण गर्ने,

च) यस कार्यक्रम अन्तर्गत भर्ना भएका विद्यार्थीहरुको सक्कल शैक्षिक प्रमाणपत्रहरु (विद्यार्थीले तोकेको शिक्षा पूरा गरेको) ३ वर्षसम्म सम्वन्धित क्याम्पसमा सुरक्षित राख्ने व्यवस्था मिलाउनु पर्ने,

छ) वार्षिक रुपमा सम्वन्धित शैक्षिक संस्थाले तयार पारेको विवरण तथा अभिलेख विश्वविद्यालय मार्फत आयोगमा पेश गर्नुपर्ने । आयोगले प्राप्त विद्यार्थीको अभिलेख शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश गर्ने,

ज) छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीहरुको नामावली शैक्षिक संस्थाको वेभसाइटमा समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने,

५. **अनुदान सम्बन्धी व्यवस्था (छात्रवृत्तिको रकम र निकाशा प्रक्रिया)** : यस कार्यक्रममा लागत पूरक (Cost Recovery) हुने गरी तय गरिएको सहुलियत शुल्क, निर्वाह खर्च र पूँजीगत अनुदान गरी तीन प्रकारका अनुदानको व्यवस्था हुने छ।

**क. विद्यार्थी शुल्क**

सम्वन्धित विश्वविद्यालयले प्रति विद्यार्थी लागत खर्च विषय अनुसार निर्धारण गरेको लागत पूरक (Cost Recovery) हुने गरी तय गरिएको सहुलियत शुल्कलाई आधार मानी सोही अनुसारको रकम अर्धवार्षिक रुपमा विश्वविद्यालय मार्फत सम्बन्धित शैक्षिक संस्थालाई निकाशा उपलब्ध गराइनेछ।

**ख. निर्वाह खर्च**

अ. यस कार्यक्रम अन्तर्गत अध्ययनरत विद्यार्थीहरुका लागि मासिक निर्वाह खर्च रु. ६०००।- का दरले प्रतिवर्ष १० महिनाको दरले अध्ययन अवधिभर उपलब्ध गराइने छ।

आ. आयोगले विद्यार्थी निर्वाह खर्च वापतको रकम अर्ध वार्षिक रुपमा विश्वविद्यालय मार्फत सम्वन्धित शैक्षिक संस्थालाई एकमुष्ठ उपलब्ध गराउने छ।

इ. सम्वन्धित शैक्षिक संस्थाले अर्ध वार्षिक रुपमा तोकिए वमोजिमको निर्वाह खर्च सम्वन्धित विद्यार्थीलाई बैंक खाता मार्फत उपलब्ध गराउनु पर्ने छ।

**ग. पूँजीगत अनुदान**

अ. सम्वन्धित संस्थाले थप गरिएका नयाँ कार्यक्रम, विषय तथा कोटाका लागि आवश्यक पर्ने पूँजीगत अनुदानको व्यवस्थाका लागि विश्वविद्यालय मार्फत आयोगमा प्रस्ताव पेश गर्नुपर्नेछ।

आ. माग भई आएका प्रस्तावलाई समितिले पूँजीगत अनुदानको औचित्य, बजेटको उपलब्धता तथा आवश्यक परेमा स्थलगत अनुगमन समेत गरी निम्नबमोजिमका कार्यका लागि पूँजीगत खर्च उपलब्ध गराउन सक्ने छ।

- प्रयोगशाला, पुस्तकालयमर्मत तथा सुधार,
- सूचना तथा प्रविधि, शैक्षिक उपकरण मर्मत तथा खरिद,
- कक्षाकोठा,शौचालय र खानेपानी सम्बन्धि कार्यक्रम निर्माण एवं मर्मत तथा सुधार
- कक्षा संचालनका लागि आवश्यकपर्ने फर्निचर तथा फिक्चर्स मर्मत तथा खरिद

## परिच्छेद - तीन

### कार्यक्रम व्यवस्थापन तथा समन्वय समितिको गठन, काम कर्तव्य र अधिकार

**६. कार्यक्रम व्यवस्थापन तथा समन्वय समितिको गठन :** छात्रवृत्ति र अनुदान सम्बन्धी सम्पूर्ण कार्यलाई व्यवस्थापन, कार्यान्वयन, समन्वय, अनुगमन र कार्यान्वयन नीतिगत निर्णय गर्नका लागि एक कार्यक्रम, व्यवस्थापन तथा समन्वय समितिको गठन निम्नानुसारले हुने छ ।

| | |
|---|---|
| सदस्य सचिव, विश्वविद्यालय अनुदान आयोग | : संयोजक |
| सहसचिव, प्राविधिक शिक्षा महाशाखा, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | : सदस्य |
| सहसचिव, योजना तथा अनुगमन महाशाखा, शिक्षाविज्ञान तथा प्रविधि मन्त्रालय | : सदस्य |
| विश्वविद्यालयका प्राविधिक विषयको विज्ञ - १ जना (समितिले मनोनित गरेको) | : सदस्य |
| योजना तथा कार्यक्रममहाशाखाअधिकृत स्तरको प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग | : सदस्य सचिव |

**७.समितिको काम, कर्तव्य र अधिकार**

कार्यक्रम व्यवस्थापन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) राष्ट्रिय आवश्यकता, प्राथमिकता एवम् प्रोफेसनल काउन्सिल तथा विश्वविद्यालयले तोकेको मापदण्ड बमोजिम आवश्यकता अनुसार कोटा तथा विषयथपघट गर्न सक्ने,

ख) कोटा तथा विषय थपघट गर्ने सम्बन्धमा सरोकारवालाहरुसंग छलफल तथा समन्वय गर्ने,

ग) बजेट व्यवस्थापन गर्न आयोग समक्ष पेश गर्ने,

घ) विश्वविद्यालयमार्फत प्राप्त हुन आएका प्रस्ताव तथाविवरण सम्बन्धमा अध्ययन, विश्लेषण रअनुगमनगर्ने गराउने,

ङ) कार्यक्रम संचालन गर्ने शैक्षिक संस्थाहरुलाई दिइने पूंजीगत अनुदानका सम्बन्धमा औचित्यता, बजेटको उपलब्धता र आवश्यकता अनुसार स्थलगत अनुगमन समेतका आधारमा मूल्यांकन गरी अनुदान रकम निर्धारण गर्ने,

च)विद्यार्थीहरुलाई उपलब्ध गराइने निर्वाह खर्चको पुनरावलोकन गर्ने,

छ)प्राप्त गुनासाहरुकासम्बन्धमा आवश्यक कारवाही गर्ने,

ज) छात्रवृत्ति र अनुदान वितरण सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने ।

झ) दफा ११को कारवाही सम्बन्धमा आयोगलाई सिफारिस गर्ने ।

**८. समितिको बैठक र निर्णय प्रक्रिया**

क) समितिको बैठक आवश्यकतानुसार बस्ने छ ।

ख)समितिको बैठक तथा निर्णय बहुमतको आधारमा हुने छ ।

ग) कार्यालय समय बाहिर बैठक बस्न परेमा बैठकमा उपस्थित भए बापत समितिका सदस्यलाई अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्डको सीमाभित्र रही आयोगको नियमानुसार बैठक भत्ता उपलब्ध गराइने छ ।

घ) बैठकमा विशेषज्ञको आवश्यकता परेमा समितिकासंयोजकको स्वीकृती लिई विशेषज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

ङ) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्ने छ ।

## परिच्छेद - ४

## विविध

९. **गुनासो व्यवस्थापन :**यस कार्यक्रमका सम्वन्धमा परेका गुनासाका सम्वन्धमा यथाशिघ्र निर्णय गरी आवेदकलाई जानकारी गराउनु पर्ने छ ।

१०. **निरीक्षण तथा अनुगमन :**यस कार्यक्रममा सम्वन्धमा मन्त्रालय, आयोग र विश्वविद्यालयले जुनसुकै समय निरीक्षण तथा अनुगमन गर्न / गराउन सक्नेछ । अनुगमनको समयमा कुनै अनियमितता भएको पाइएमा त्यसको निराकरण एवम् कारवाहीको लागि आयोग समक्ष समितिले सिफारिस गर्न सक्ने छ ।

११. **छात्रवृत्ति रद्ध गर्न सकिने -** देहायको अवस्थामा विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रवृत्ति रद्ध गर्न सकिने छ :

- विश्वविद्यालय तथा यस कार्यविधिमा निर्धारण गरिएका शर्तबन्देजहरु पालन नगरेमा,
- झूठो विवरण पेश गरेमा,
- अध्ययनमा निरन्तरता नभएमा,
- अध्ययनको प्रगति सन्तोषजनक नभएमा
- कलेजले विद्यार्थीलाई निष्काशन गरेमा
- फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित भएमा
- एउटा कार्यक्रममा भर्ना भई अर्को कार्यक्रम वा विषयमा परिवर्तन गरेमा
- अध्ययन पश्चात तोकिएको अवधीसम्म तोकिएको प्राविधिक धारका सामुदायिक विद्यालय / शिक्षालयमा काम नगरेमा अध्ययनका क्रममा लागेको प्रतिविद्यार्थी लागतको रकम सम्वन्धित विद्यार्थीबाट असुल उपर गरिने छ ।

१२. **लेखापरिक्षण:** अन्य आर्थिक कारोबार सरह क्याम्पसले लेखा परिक्षण गराउनु पर्ने छ ।

१३. **प्रतिवेदन पेश गर्नुपर्ने :**

क) यस कार्यक्रममा सहभागी शैक्षिक संस्थाले वार्षिक शैक्षिक तथा वित्तिय विवरण समावेश भएको प्रतिवेदन विश्वविद्यालय मार्फत आयोगमा पेश गर्नुपर्ने छ ।

ख) आयोगले सम्पूर्ण शैक्षिक संस्थाबाट संकलित विवरण लाई एकिकृत गरी मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने छ ।

१४. **संसोधन तथा हेरफेर :**यस कार्यविधिमा आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्नु परेमा थप आर्थिक दायित्व सृजना हुने अवस्थामा अर्थ मन्त्रालयको सहमति लिई समितिको सिफारिसमा कार्यविधि संसोधन गर्ने अधिकार मन्त्रालयको हुने छ ।

१५. **व्याख्या** :यस कार्यविधिमा स्पष्ट नभएका विषयमा निर्णय गर्ने अधिकार समितिको सिफारिसमा आयोगले गर्न सक्ने छ  तर संसोधन तथा हेरफेर गर्नुपरे दफा (१४) बमोजिम हुने छ । .

१६. **सेवाको निरन्तरता तथा मान्यता** :यस कार्यक्रममा छनोटमा परी अध्ययन सकेका विद्यार्थीहरुले कबुलियत नामा गरे बमोजिमका तोकिएको क्षेत्रमा सेवाको गणना गर्दा नेपालका सामुदायिक विद्यालयमा सञ्चालित प्राविधिक धारमा अध्यापन गरेको र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदका आंगिक शिक्षालय सेवामा प्रवेश गरी सेवा गरेमा सो सेवालाई समेत मान्यता दिइने छ ।

१७. **प्रचलित कानून बमोजिम हुने** :यस कार्यविधिमा उल्लेखित व्यवस्थाहरु प्रचलित ऐन, नियम तथा नीतिसंग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानून एवं नीति बमोजिम हुने र अन्यमा यस निर्देशिका बमोजिम हुने छ ।